# पुनर्जन्मबारे छलफल

## बौद्ध ऋषि महाप्रज्ञा



२०५१

Downloaded from http://www.dhamma.digital

# पुनर्जन्मबारे छलफल

बौद्ध ऋषि महाप्रज्ञा

२०५१

Downloaded from http://www.dhamma.digital

प्रकाशक : घनश्याम राजकर्णिकार
कमलपोखरी, काठमाडौं

संस्करण : पहिलो, संख्या १०००

मुद्रक : नेपाल प्रेस, शुक्रपथ, काठमाडौं

मूल्य : रू. १२/-

Dhamma.Digital

PUNARJANMA BARE CHHALPHAL
DISCUSSION ON REBIRTH BY MAHAPRAGYA

Downloaded from http://www.dhamma.digital

# केही शब्द

श्रद्धेय बौद्ध ऋषि महाप्रज्ञाज्यूले नेपालमा बौद्ध–धर्मको प्रचार प्रसार गर्नुमा अतुलनीय भूमिका निभाउनु भएको छ। राणाकालीन नेपालमा हिन्दूधर्मका अन्धभक्त राणाहरूबाट बौद्धहरूलाई शत्रुतापूर्ण व्यवहार गरिन्थ्यो। त्यस्तो अवस्थामा पनि उहाँ बौद्ध ऋषि महाप्रज्ञाज्यू बौद्ध–धर्मको पुनरूत्थान गर्नमा आफ्नो तनमनले सचेष्ट रहनुहुन्थ्यो। फलस्वरूप उहाँलाई तत्कालीन क्रूरशासक चन्द्रशमसेरबाट बि. सं. १९८२ मा देश निकाला गरियो। त्यसपछि उहाँ भारतका विभिन्न शहरमा चाहर्नुभयो। बुद्धगया, बनारस, कलकत्ता, कालिम्पोङ, दार्जलिङ र ल्हासा चहार्दै उहाँले बौद्ध–धर्मको प्रचार प्रसार गर्नुभयो। एकपल्ट उहाँ बि. सं. १९९३ मा नेपालभित्र भोजपुर जानुभयो। त्यहाँ धर्मदेशना गरिरहनु भएकै समयमा तत्कालीन क्रूर शासकबाट थाहापाई उहाँलाई ४ महीना जेलमा राखियो र पछि सीमाना पार गराउन लगाइयो। क्रूर राणाशासकले जतिसुकै दुःख दिएता पनि बौद्ध–धर्मप्रतिको उहाँको आस्था कहिल्यै विचलित भएन। पछि उपयुक्त वातावरणमा उहाँ काठमाडौं आउनुभयो र

Downloaded from http://www.dhamma.digital

आफ्नो शेष जीवन यहीं बौद्ध–धर्मको विकासमा लगाउनुभयो। उहाँको महत्ता नै यो छ कि उहाँ कहिले धर्मदेशना गर्नुहुन्थ्यो त कहींकतै सुन्दर बुद्धमूर्ति बनाई त्यसलाई स्थापना गर्नुहुन्थ्यो। त्यस्तै कहिले कहिकतै बौद्ध विहार बनाउनमा तल्लीन हुनुहुन्थ्यो त कुनै वेला उहाँ ध्यान भावनामा मग्न हुनुहुन्थ्यो। त्यस्तै वेलाबखत बुद्ध–भजन, बुद्ध जीवनी एवं बौद्ध–धर्म सम्बन्धी विविध रचनाहरू सिर्जना गरेर उहाँले बौद्ध–धर्मको विकासमा ठूलो योगदान पुऱ्याउनु भएको छ।

अहिलेको यो प्रजातान्त्रिक खुला वातावरणमा बौद्ध–धर्म जस्तो मानव कल्याणकारी धर्मको सम्बर्धन र सुशोभन हुनुपर्छ भन्ने ठान्दछु। यसको लागि हरक्षेत्रबाट यथायोग्य सद्भावना हुनु आवश्यक छ। यसैलाई दृष्टिगत गरी यो सानो पुस्तिका प्रकाशन गर्ने अवसर पाउँदा मलाई मनमा सन्तोष लागेको छ। सर्वतिरबाट यसको स्वागत हुने नै छ भन्ने आशा गर्दछु।

—घनश्याम राजकर्णिकार

घन–गृह
कमलपोखरी
काठमाडौं
बुद्ध जयन्ती, २०५१

Downloaded from http://www.dhamma.digital

# पुनर्जन्मबारे छलफल

बागबजारको धर्मचक्र आश्रमका कर्मस्थानाचार्य महाप्रज्ञा र उपासक पूर्णबहादुर जिज्ञासु २ जनाको पुनर्जन्मबारे छलफल भएका कुराहरू प्रश्नोत्तरको रूपमा सर्वसाधारणको सामु प्रस्तुत गरिन्छ—

प्रश्न— गुरुदेव ! संसारमा बौद्धहरू पुनर्जन्मको चर्चा निकै चलाउँछन्, मलाई त पुनर्जन्मको कुरामा पटक्कै विश्वास लाग्दैन, मरेको प्राणी कसरी फेरि जन्मन्छ ?

उत्तर— संसारमा जन्मेको प्राणी बाचुन्जेल पञ्च इन्द्रियको वशमा परी कुशलाकुशल कर्म गरिरहन्छ, मर्दाखेरि ती नै कर्मको फल भोग्न प्राणीको पुनर्जन्म हुन्छ ।

प्रश्न— मरिसकेको प्राणी फेरि जन्मने कुरामा मलाई त विश्वास लाग्दैन, किनभने पञ्च तत्त्व मिलेर शरीर बनेको हो, मर्दाखेरि पञ्च तत्त्वहरू पञ्च तत्त्वमा नै मिलेर जान्छन्, फेरि कसरी पुनजन्म हुन्छ ? मलाई त विश्वास लाग्दैन ।



Downloaded from http://www.dhamma.digital

उत्तर— संसारमा प्राणी अप्राणी जेसुकै बन्नुमा पनि हेतु हुन्छ, हेतुविना कुनै पदार्थको उत्पत्ति हुंदैन। जबसम्म हेतु रहिरहन्छ तबसम्म उत्पन्न भइरहनुपर्ने हुन्छ। हेतु भएर नै पुनर्जन्म हुन्छ।

प्रश्न— कस्तो कारणले प्राणी जन्मन्छ ?

उत्तर— प्राणीहरू पञ्च विषयमा भुलिरहन्छन्। त्यहाँ तृष्णाको नदी बगिरहेको हुन्छ। ती नदीका भयङ्कर भल-बीचबाट उत्तीर्ण हुनु असम्भव छ। ती तृष्णाका नदी बगुन्जेल प्राणीहरूले जन्म-मरणरूप पाषाणहरूमा ठोकिंदै संसारमा घुम्न करै लाग्छ।

संसारमा जन्मेका प्राणीहरू ज्ञानको अभावले पञ्च विषयरूप मिष्टान्नमा लतपत भई त्यहाँ नै आसक्त भई डुबेर बस्नु स्वभाव जस्तै हो, त्यसै वासनाले गर्दा पुनर्जन्म हुने हुन्छ।

Dhamma.Digital

जो पुनर्जन्मको हेतुको निरोध हुने उपाय सम्यक्स्मृतिको धर्माचरण गर्न कोशिश गर्छ, त्यही प्राणी मात्र संसारमा फेरि जन्मन नपर्ने हुन्छ, पुनर्जन्मको हेतु रहुन्जेल जन्म भइ नै रहन्छ। पञ्च विषयमा भुलिरहनु नै एक मुख्य कारण हो, जुन विषय बिर्सन सकिंदैन, मनमा झुन्डि नै रहन्छ, नभइ नहुने भइरहन्छ, त्यसै उपादानले पुनर्जन्म हुने ठाउँ सुरक्षित राख्दछ, यताको प्राण छुटेपछि पुनर्जन्मको ठाउं पाक्रिहाल्छ। जस्तो जुगाले अर्को ठाउं नसमाइएसम्म पुच्छरको भरमा उठेर शिर



Downloaded from http://www.dhamma.digital

घुमाई-घुमाई ठाउँ खोज्छ र ठाउँ भेट्टिएपछि पुच्छरले ठाउँ छाडिदिन्छ, समाएको ठाउँमा झुन्डिइहाल्छ, त्यसरी नै विषयमा झुन्डिएको तृष्णाको संस्कारको साथमा प्राण उत्पन्न हुन जान्छ।

पञ्च विषयमा लिप्त हुन शिक्षाको जरूरत पर्दैन, अपितु पञ्च विषयको जालदेखि मुक्त हुन शिक्षा चाहिने हुन्छ।

पञ्च विषय भनेको विचित्र हुन्छ। हेर्दा खाऊँ-खाऊँ लाग्छ, खायो कि माछाको मुखमा परेको बल्छी झैं न निल्न सकिन्छ न ओकल्न। जिन्दगी त्यतिमै बरबाद हुन्छ। विषयलेँ गर्दा प्राणी अशान्तिको कराहीमा भुटिदै छटपटाइरहन्छ। शोक-सन्तापले हृदय भरिन्छ। यस्तो समस्याको भार बोकी पुनर्जन्म लिदै संसारचक्रमा निरन्तर घुमिरहन्छ। कतिखेरसम्म घुमिरहनुपर्ने हो भन्न सकिदैन।

पृथ्वी, अप्, तेज, वायुको आधारमा पूर्व संस्कारको बीज वासनाले रोप्ने गर्छ र ऋतुअनुसारको मल लगाई शरीर हुर्काउँछ।

पञ्च स्कन्धको क्रियाद्वारा जड चेतन उत्पन्न भएर जेनरेटरले झैं प्रत्येक लाइनलाई कनेक्शन दिई स्विच लाउने-बित्तिकै बत्ती बल्ने जस्तो गरी प्रत्येक इन्द्रियलाई नसाद्वारा कनेक्शन दिई सक्रिय बनाइराखेकोले बाह्य विषयको स्पर्श हुनासाथ तृष्णा उत्पन्न भई प्राणीमा लिप्त हुन जान्छ। यो



Downloaded from http://www.dhamma.digital

क्रिया अज्ञानीहरू तत्काल देख्न सक्तैनन्। सत्सङ्गत र विचार-द्वारा यसको अनुभव गर्न सकिन्छ।

शारीरिक क्रिया शरीरको अधिकारी (म), र तत्त्वको धर्म बाह्य नेत्रद्वारा देखिने होइन।

तर विद्या र विचार नेत्रद्वारा देखिनेछ। त्यस्तै पुनर्जन्मको पनि— तत्त्व स्वभाव बाह्य आँखाले देखिने होइन विद्या र विचारको नेत्रले मात्र देखिन्छ। यी अदृश्य विषयहरू-लाई विद्या र विचारनेत्रद्वारा देख्नेलाई नै दर्शन प्राप्त भएको भन्छन्। बाह्य आँखाले देखेको दर्शन दर्शन होइन, यो त देखेको मात्र हो।

प्रश्न— गुरुदेव ! जुन कुरा आँखाले देखिदैन, त्यो पदार्थ विचारले कसरी देखिन्छ ? मैले बुझिनँ।

उत्तर— देखिने आँखा दुई प्रकारको हुन्छ— १) मांस-चक्षु २) विचारचक्षु। मांसचक्षु वर्तमान सामुन्नेको पदार्थ मात्र देख्छ, दोस्रो चक्षु त गइसकेको पदार्थ र पछि हुने पदार्थ पनि देख्छ, यिनीहरू सबै विकारका कुरा हुन्। विचार नगरी, जनताको लहैलहैमा लाग्ने बानी जसको छ, त्यसलाई लोकोक्तिको हावाले विचारचक्षुको प्रदीप बल्न दिदैन, अन्धकारमा नै अलमल्याई राख्छ र त्यस्तो पुरुषले विचारनेत्रले हेर्न सक्दैन। विचाररहित व्यक्तिले तत्त्वको स्वभावगुणको दर्शन पाउँदैन।



Downloaded from http://www.dhamma.digital

जसरी बजारमा जाने व्यक्तिले केही चीज किन्नुपर्दा त्यो चीज ओल्टाई-पल्टाई राम्ररी जाँचबुझ गरी हेर्छ, त्यसरी नै किताबमा लेखिएको र मान्छेले भनेको कुरामा पनि विचार गर्नुपर्छ। यो चीज कतिको असल कतिको कमसल, केले बनेको हो, यो किन्दा वा नकिन्दा भविष्यमा पछुताउनुपर्ने पो हो कि, इत्यादि कुरा किन्नेले सोचेझैं सो धर्म र ज्ञानका कुरामा पनि विचार गर्ने अभ्यास हुनुपर्छ।

झुट्टा नक्कली माल बेच्ने व्यापारीले कस्तो मीठो कुराले झुक्याउँछ, त्यस्तै विचारचक्षु नहुनेहरूलाई पनि नक्कली धर्ममा फसाउन मीठा-मीठा कुरा गरी, दर्जाको लोभ देखाई, नबोल्ने द्योताले बोलेको कथा सुनाई अचम्म पारिदिन्छ। विचारवान्लाई झुक्याउन सकिंदैन। विचारशीलहरूलाई नास्तिक पनि भनिदिन्छन्। साँचो धर्म सत्य ज्ञान विचारले मात्र पैल्याउन सकिन्छ, विनाविचार पैल्याउन सकिंदैन।



Downloaded from http://www.dhamma.digital

पुनर्जन्म हुने प्राणीहरूको विषयमा उच्छेददृष्टिहरू आदिपुर्खाहरूले निकै विचार त गरेका हुन्, तर गहिरिएर विचार गर्न पुगेन। यथा— पञ्च तत्त्वको शरीर अन्तकालमा पञ्च तत्त्वहरूमा नै लीन भएर गएपछि, बाकी के रह्यो र के जन्मन गयो भन्नेसम्म विचार गरेका रहेछन्, अरू कुराको विचार गर्न सकेनन्।

हो ! शरीरमा भएका पदार्थहरूमध्ये कुनै पदार्थ पनि शरीरबाट निस्केर अलग्ग भएर गएको देखिदैन, के चीज गएर पुनर्जन्म हुन्छ ?

शरीरमा भएका अवयवहरू जहाँको त्यहीं छँदैछ, कुन चीज पनि घटेको छैन, घट्यो त त्यै भातिले फुकेजस्तो चलिरहने आश्वास-प्रश्वास मात्र। त्यो पनि निस्केर जन्मन गएको ठहरिदैन, किनभने उदाहरणको लागि—

बेलायतमा एकजना डाक्टरले परीक्षाको लागि अस्पतालमा मर्न लागेको मान्छेलाई काँचको ठूलो बोतलमा घुसाई बिर्को बन्द गर्दागर्दै श्वास रोकिएर मृत्यु भयो, डाक्टरले भाषण गरे— हिन्दूहरू भन्दै गर्छन् — प्राणीहरू मर्दा पिंजराको चरा उडेर पिंजडा खाली भएझैं मृतकको शरीर लाश हुन्छ।



Downloaded from http://www.dhamma.digital

यदि त्यो कुरा साँचो हो भने, यो बोतलको मान्छे मर्दा पनि प्राणवायु निस्केको वेला बोतल फुट्नुपर्ने, फुटेन। यस कुराबाट प्रमाणित हुन्छ— प्राणवायु निस्कने होइन कि भित्रै लुप्त हुन्छ। यतिसम्म उच्छेदवादीहरूले विचार गरेछन् र 'पुनर्जन्म छैन' भन्ने विश्वास गरे।

शरीरमा जुन तत्वद्वारा व्यक्ति खडा भएको हो, त्यस तत्वको विचार गर्न सकेनन्। इच्छा, भय, क्रोध, मोह —यी चार विषय, शरीरमा कहाँनेर बसेका छन्? ती अदृश्य हुन्, देखिने विषय होइनन्। यी विषयविना प्राणीलाई ज्यूँदो भन्दैनन्। ज्यूँदा प्राणी नै व्यक्तिको गिन्तीमा लिइन्छन्। ती चार प्रकारका विषयद्वारा बनेको कर्म नै पुनर्जन्मको हेतु हुन्छ। फेरि जड–चेतनको रूपमा उत्पन्न भएर मात्र ती कर्मको फल भोगिन्छ।

प्रश्न— कर्म र कर्मफलका गतिहरू देखिदैनन्, कसरी विश्वास हुन्छ?

उत्तर–– बर्सादको हेतु मेघ हो, मेघमा पानी देखिँदैन, तर मेघविना वर्षा हुँदैन। त्यस्तै संसारमा हेतुविना केही हुँदैन, तर त्यो हेतु देखिंदैन।

आकाशवाणीद्वारा कस्ता–कस्ता काम बन्दछन्, तर त्यो आकाशवाणीमा भएका कुराहरूको गति देखिंदैन। देखिंदैन भनेर त्यसलाई विश्वास नगर्नु?



Downloaded from http://www.dhamma.digital

त्यो त तत्त्वको तरीका हो, किन विश्वास नगर्नु ? हो, पुनर्जन्मको हेतु पनि अन् अकाटच तत्त्व हो। मान्छेद्वारा बनाइएका तत्त्वहरूमा शायद प्रमादवश त्रुटि हुन सक्छ, प्रकृतिको तत्त्वस्वभाव धर्म हो, त्रुटिको शङ्का छैन। जस्तै— प्रतिध्वनिमा केही त्रुटिको शङ्का हुँदैन। अर्को एउटा उपमा— ऐना हेर्नेले ऐना हेर्दा गरेको कार्य छायाले पनि नबिराईकन गर्छ, कुनै कुरोमा त्रुटि हुंदैन, त्यसरी नै पुनर्जन्मको पनि हेतुअनुसार नै कर्मफल पाकिहाल्छ। कसैले गरेको कर्मको फल नहुने होइन, तत्त्वले तत्त्वको स्वभाव छाड्दैन, धर्मअनुसार कर्मको फल भोग्नैपर्छ।

अर्को एउटा उपमा— जर्मनीको कुनै अफिसमा एकजना कर्मचारी टेलिटाइप हान्दै छ भने जापानको टेलिटाइपमा पनि टाइपिस्टविना नै टाइप हानिन्छ। जर्मनीको टाइप र जापानको टाइपमा कनेक्शन देखिदैन। त्यो टाइप कसरी हानियो ? तत्त्व मिलाइराखेको हो, त्यस्तै नै, बीचको कनेक्शन केही नदेखिए पनि तत्त्वको कनेक्शन छँदैछ, त्यो कसैले काट्न सक्दैन। हुनुपर्ने कार्य हुंदै गर्छ।

प्राणीको जीवनमा आश्वास-प्रश्वास चल्दै गर्छ, ऋतु-आहारको सहायताले पूर्वजन्मका तृष्णा हेतु भई पुनर्जन्म भएको हो। जन्म भएपछिको क्रिया चल्नलाई तत्त्व स्वभावले आश्वास-प्रश्वास चलेको हो। यदि कसैले चलाउँदै गरेको हुँदो हो त कुनैवेला बिर्सनुपर्ने हो; सुत्दा पनि चलेको नै छ, हिड्दा



Downloaded from http://www.dhamma.digital

पनि, कुराकानी गर्दा पनि, कस्तै काममा अलमलिएको वेलामा पनि तत्त्व स्वभावले चल्नुपर्ने धर्म चलि नै रहन्छ। दृश्य होस् वा अदृश्य, तत्त्वको स्वभावले आ-आफ्नो स्वभाव धर्म चलि नै रहन्छ। तत्त्वको स्वभाव धर्म बदल्नु होइन, त्यसैलाई स्वभाव धर्म—स्वधर्म ईश्वरीय धर्म पनि भन्दछन्, ईश्वर सृष्टिकर्ता पनि होइन स्वभावधर्म चलिरहने पद्धतिको नाम ईश्वर हो। हाम्रो कर्मको क्रिया पनि तत्त्वको धर्मानुसार चलिरहने स्वभाव हो, त्यस क्रियाले आफ्नो सत्य छाड्ने होइन।

मान्छेले सत्य छाडछ बरु, मान्छेद्वारा निर्मित भए तापनि तत्त्वले सत्य छाड्दैन।

त्यसकारण वैज्ञानिकहरूले धातुका कस्ता-कस्ता तत्त्वको चमत्कार देखाए। देख्दै छौं, घडीनिर्माताले नियमित टाइम दिन सक्तैन, घडीले टाइम दिन सक्छ। घडी पनि तत्त्वकै स्वभावधर्मले टाइम दिन्छ।

मान्छेलाई घूस दिएर सजिलैसित पल्टाउन सकिन्छ, तर तत्त्वलाई घूसको बाजे दिए पनि धर्म छोडाउन सकिदैन। तत्त्वको स्वभावधर्म निष्पक्ष हुन्छ— पक्षपात हुने होइन।

रूप हेर्ने आँखाको प्रसाद तत्त्व हो, अरू इन्द्रियको भागतिर वास्ता गर्ने होइन, त्यस्तै-श्रोत्र, गन्ध, रस, स्पर्शहरू पनि जान्नू। कुनै तत्त्वले पनि आफूले गरी आएको नियम छोड्दैन।



Downloaded from http://www.dhamma.digital

पृथ्वीको कडा स्वभाव, आपको बग्ने स्वभाव, तेजको ताप्ने स्वभाव र वायुको चल्ने स्वभाव हो। क्रियाको स्वभाव परस्पर अदलबदल पनि हुने होइन, मोटो–मसिनो, दृश्य–अदृश्य जनसुकै तत्त्वको पनि आ-आफ्नो तत्त्वको स्वभावधर्म मात्र चल्ने हो, फरक हुँदैन।

त्यस्तै काम, क्रोध, लोभ, मोह, मान, दृष्टिहरू पनि आ-आफ्नो स्वभाव मात्र धारण गर्छन्।

यो सबै क्लेशहरूको हेतु अविद्या हो, अविद्या अन्धकारको भित्रभित्रै भ्रमले उत्पन्न भएको 'म' भन्ने अभिमान उत्पन्न हुनु पनि स्वभावै हो, जहाँ अभिमान, त्यहाँ इच्छा, क्रोध, भय र मोह उत्पन्न हुनु पनि विशुद्ध स्वभावै हो। उक्त क्लेशको हेतु नजान्नुलाई अविद्या भन्छन्, त्यस अविद्याको निरोध नै पुनर्जन्म-निरोध हो।

पुनर्जन्ममा विश्वास नगर्ने व्यक्तिहरूलाई, ठूलो हानि भएको छ, त्यो हानि भइरहेको कुरा भुलिरहेको पनि कम हानि होइन, संसाररूप समुद्रमा ठूलो बहुमूल्य जहाज डुबेको हो। किनभने, पुनर्जन्मै छैन भने कर्मफल भोग्नुपर्ने पनि छैन। 'कर्मफल भोग्नुपर्ने डर जहाँ छैन त्यहाँ पाप गर्न किन भय ?' भनी निर्भय भई मनपरी कर्म गरिन्छ। रूप, शब्द, गन्ध, रस, स्पर्श आदि पञ्च काममा लुटपुटिएर हिलोमा— धापमा गाडिएको हात्ती झैं क्रमशः उक्न नसक्ने हुन पुग्छ। यस संस्कारले वासना भई पुनर्जन्ममा भोग गर्नुपर्ने तुल्याउँछ।



Downloaded from http://www.dhamma.digital

प्रकृतिको तत्त्व स्वभावले फल नदिई छाड्ने होइन, तब हानि भयो होइन ? यस जन्ममा दुःख कष्ट र अशान्ति, परजन्ममा, जाति, जरा, व्याधि, मरण, शोक, सन्ताप, शारीरिक दुःख, मानसिक दुःख, के गरूँ कसो गरूँ, हैरानी आदि फल भोग्नुपर्ने हुन्छ। त्यस जन्मको त्रिकाय कर्मको फल भोग्न पुनर्जन्म प्राप्त हुन्छ।

पुनर्जन्ममा विश्वास नगर्नेहरूले यसरी नै जन्म-जन्मान्तर दुःखभोग गर्नुपर्ने हुन्छ। यस्तो हानि हुने हुन्छ। यस्तो कर्म-विपाकको कुरा थाहा हुने हो भने पुनर्जन्म नहुने उपाय पो गर्नुपर्छ, मुखले कराइरहेर जन्म नहुने होइन। यस्ता अज्ञानी-हरूलाई आर्यहरू गाईजात्रे बहुला भन्छन्। सुबाटो छँदाछँदै कुबाटो — काँडैकाडाले भरिएको बाटो हिँड्नेलाई पागल भन्छन्।

पञ्च काममा विलास गर्नेहरूलाई अनार्य भन्छन्, पञ्च कामदेखि वैराग्य हुनेहरूलाई आर्य भन्छन्। अनार्य पानीविनाको माछा जस्तो पञ्च कामविना रहन सक्तैन।

आकाशविनाको पक्षी उड्न सक्तैन, शुद्ध निर्मल नभई आर्यहरू बस्न सक्दैनन्।

अनार्यहरूलाई संसार अनन्त हुन्छ, आर्यहरूलाई संसार लामो हुँदैन।



Downloaded from http://www.dhamma.digital

इच्छाले संसारी जाल बनाउँछ, तृष्णाले पुनर्जन्मको बाटो बनाउँछ, अज्ञानले संसारको भुमरीमा खसाल्छ र जन्म-मरण हुँदै गर्छ।

जन्मेको प्राणीको मरण हुनु संसारको स्वभाव हो। तृष्णाको उपादानले फेरि जन्म हुनुपर्ने हुन्छ। रिसले पाप गराउँछ, पापको फलले अन्धकारमा धकेल्छ। अन्धकारमा पुगेपछि, विद्यालोप हुन्छ, आफूलाई बिर्सन्छ, आफू के गर्दै छ थाहा पाउँदैन। त्यस अवस्थामा पुगेका अन्धाले पुनर्जन्म हुने हेतु देख्न सक्तैन र उच्छेदवादीहरूको उपदेशमा चाख लाग्छ, अनि त्यसै स्रोतले बगाउन थाल्छ।

पुनर्जन्म मिटाउनको लागि पहिले नै इन्द्रिय जितेर तृष्णालाई वैराग्यद्वारा निर्मूल गरिसक्नुपर्दछ। पुनर्जन्म छैन भन्दैमा नहुने होइन, सम्प्रदायमात्रले मेटिने पनि होइन, वेशद्वारा मेटिने पनि होइन, सिद्धान्त मानेर मेटिने पनि होइन, प्रयोग गरेर मेटिने पनि होइन। विचार गर्नु आवश्यक छ, विश्वासमात्रले पुनर्जन्म मेटिने कदापि होइन। अलङ्कृत वाक्यमा नभुल्नु उत्तम होला।

पुनर्जन्म भन्दैमा सधैं एकै किसिमको जन्म मात्र हुने होइन, चार किसिमका योनि छन् ती नै चार योनिमध्ये एक योनिमा कर्मानुसार फल भोग्न जन्ममाथि पुनर्जन्म हुने हुन्छ।

चार किसिमका योनि— (१) अण्डयोनि=अण्डज, (२) स्वेदज=पसीनाबाट उत्पन्न हुने, (३) जरायुज=



Downloaded from http://www.dhamma.digital

सालनालसहित उत्पन्न हुने, ती नै मध्ये मनुष्य पनि हो, (४) अर्को औपपातुक हो— स्वप्नामा जस्तो उत्पन्न हुने, देव, दैत्य, प्रेत, नरक, यो उक्त चार प्रकारको योनिमा अकस्मात् स्वप्नामा जस्तो उत्पन्न हुन्छ। यो चारै योनिमा जन्म हुनु नै पुनर्जन्म भन्दछन्। सुधावास भुवनमा उत्पन्न गराउने अनागामिता मात्र पुनर्जन्म भनिदैन, किनभने— सुधावास भुवनबाट निरोध भइजाने हुनाले। निरोध हुनलाई केही शेष रहुन्जेललाई सुधावास भनेको हो, शेष तुरिएपछि निर्वाण भयो, पुनर्जन्म नहुने भयो।

पूर्वोक्तानुसारको ज्ञानविना उच्छेदवादीको सिद्धान्तमा विश्वास गर्नेहरूद्वारा संसारमा अपराधको प्रचार भई संसार नष्ट हुन विलम्ब हुँदैन, किनकि जहाँ पुनर्जन्ममै विश्वास छैन भने कर्मफलको पनि विश्वास हुँदैन, कर्मफलको विश्वास छैन भने पाप गर्नुलाई केको भय हुन्छ ? जे गरे पनि हुन्छ भनेर पञ्च विषयमा मनोमानी विलासमा लोटपोट हुने हुनाले जुन उपायले विषयको इच्छापूर्ति हुन्छ, त्यो उपाय गर्दा 'पाप लागे लागोस् पापले के गर्छ भन्दै बेफिक्री पाप गर्नेहरू हुनेछन्, 'धर्मकर्म डाँडामा, चामल हाल भाँडामा' भन्ने उखान स्वीकार गरी मनलागे पाप गरी हिँड्नेहरू धेरै हुनेछन्।

विचारशक्ति नपुग्ने, लहैलहैमा लाग्ने लोकजनहरूलाई पञ्च विषयको रसरङ्ग नै स्वीकार्य हुन्छ। उनीहरू पनि पुनर्जन्म नहुने कुरालाई समर्थन गर्दै अपराधी हुन राजी हुन्छन्।



Downloaded from http://www.dhamma.digital

अनि अपराध गर्नुमै सुख ठानी साराका सारा लोकजनहरू अपराधी हुँदै जान्छन् र पापको फलस्वरूप ऋतुले मौसम-अनुसार शीत उष्ण हुन पनि छाड्दछ। ऋतुको गडबडीले बालीनालीमा हानि हुन्छ, बालीनालीमा हानि भयो भने लोकमा समस्या हुन्छ, समस्याले जनतामा आपत् आइलाग्छ र हालत नराम्रो हुँदै जानेछ। हो-होइन विचार गर्नू, विचारले सत्यासत्य छुट्टयाई धर्म-पापको निर्णय गर्नेछ। यी सबै उच्छेदवादीहरूको देन हो, तसर्थ विचारवान हुनु उचित छ।

अर्कन भन्ने देशमा एकजना मूर्खले भिक्षु शासनज्योति-कहाँ गई प्रश्न गरेको कुरा यहाँ उद्धृत गर्नु उचित होला जस्तो लाग्छ।

प्रश्न— भन्ते ! केही कुरा सोध्न मन लागेको छ, सोध्न हुन्छ भने अनुमति पाऊँ।

उत्तर— उपासक ! के कुरा हो सोध, मैले जाने-अनुसार उत्तर दिनेछु।

प्रश्न— अरू कुरा होइन भन्ते ! संसारमा जन्मेका प्राणीहरू आ-आफ्नो कर्मफल भोगिसकेपछि मर्छन् भनिएको छ। कर्मफल भोगिसकेकै हो भने पुनर्जन्मको हेतु नै समाप्त भइसकेको हुनुपर्छ, फेरि पुनर्जन्म किन भयो ?

उत्तर— उपासक ! पूर्व जन्मको कर्मफल पो सकियो, यस जन्ममा गर्दै गरेको कर्मको फल त बाँकी नै छ। वर्तमानको



Downloaded from http://www.dhamma.digital

कर्मफल भोग्नलाई पुनर्जन्म हुन्छ। पुरानो कर्मफल भोग्दै नयाँ कर्म गर्दै रहन्छन्। यस्तै प्रकारले संसारमा प्राणीहरू असीम चक्रमा घुमी अविनाशी भई बस्छन्।

प्रश्न— भन्ते ! यी प्राणीहरूको कर्मको फल सदा-सर्वदा नै अखण्ड चलिरहने दस्तूर हो कि यसको सीमा पनि छ ?

उत्तर— सबै प्राणीहरूको कर्मको सीमा कहाँ हुन्छ ! सीमा छैन भन्नु पनि हुँदैन। सीमा छैन भन्‍ भने— निर्वाणको कुरा झूटो हुन जान्छ, सीमा छ भन्‍ भने सबै प्राणीलाई हुने पनि होइन। सबै प्राणीले निर्वाण पाउने दस्तूर पनि छैन। कसैले नपाउने दस्तूर पनि होइन। निर्वाण पाउने कुरा सरल होइन। कसैले नपाउने पनि होइन। समुद्रमा मोती छ, तर जोसुकैले पाउने पनि होइन, कसैले नपाउने पनि होइन। जसमा पानीमा डुबुल्की मार्ने ज्ञानको साथमा मोती खोज्ने ज्ञान पनि छ, साथै परिश्रम पनि गर्छ; त्यसले मोती पाउनेछ। त्यसरी नै, निर्वाण पाउन पनि सक्छ, तर संसारको मायाजालदेखि मुक्त हुने कामना हुनुपर्छ, बिषयदेखि बिरक्त हुनुपर्छ, वैरागी हुनुपर्छ, शीलरूप गङ्गामा स्नानद्वारा शुद्ध हुनुपर्छ, शुद्ध ब्रह्मचारी भई अष्ट लोकधर्मले छुन नसक्ने हुनुपर्छ, महाप्रज्ञातत्त्वज्ञानको ज्ञानद्वारा भ्रम मेटाई अहम्भाव मेटाइसक्नुपर्छ, अनि कर्म र कर्मफल मेटिन्छ।



Downloaded from http://www.dhamma.digital

## कर्मस्थानाचार्य–महाप्रज्ञाकृत श्लोक

संसारचक्रं ज्ञेयमवश्य
प्रतीत्यसमुत्पादमनाद्यनन्तम् ।
तथापि वक्षेन तमन्तशक्ति–
प्रज्ञाय द्रष्टव्यं भो देवमनुष्याः ।।

संसार केलाई भन्दछन् ? त्यो स्पष्ट ज्ञात हुनु आवश्यक छ। एक भएर अर्को उत्पन्न हुने हो, पैले कुन उत्पन्न भयो ? कैले नाश हुन्छ, यसको सीमा छैन। तथापि त्यो अन्त गर्ने उपाय छ, भो देवता मनुष्यहो ! प्रज्ञाको आँखा खोलेर हेर्नुपर्छ र देखिन्छ।



Downloaded from http://www.dhamma.digital

संसारचक्र भनेको के हो यथार्थ ज्ञान हुनुपर्छ, केही पदार्थ हुनलाई पहिले हेतु हुनुपर्छ, केही पहिले थियो र अर्को पदार्थ उत्पन्न भएको हो, त्यसको आदि पनि छैन अन्त पनि छैन, संसारमा पहिले के उत्पन्न भयो केही पत्ता लागेको छैन, कहिले अन्त हुन्छ त्यसको पनि ठेगान छैन, तथापि अप्रमादद्वारा त्यसको अन्त हुन सक्तछ, अन्त गर्ने उपाय मनुष्यमा हुन सक्छ। हो-होइन प्रज्ञाचक्षु ( विचार– ज्ञान ) ले देखिने तरीका छ। भो देव मनुष्यहरू ! खोज गर्ने शक्तिवान्ले पाउन सक्छ। शीलवान्, शुद्धात्मा, संसारको स्वरूपज्ञाता आर्य पुद्गलहरू पुनर्जन्म हुनु नपर्ने गरी यस जटिल संसारदेखि मुक्त भई जान्छन्, नत्र जत्तिसुकै हल्ला गरी हिंडे पनि पुनर्जन्म नभई छाड्दैन।

प्रश्न— भन्ते ! कोही व्यक्ति, पाप-पुण्य केही नगरी चुप लागेर बस्यो भने त्यसले त कर्म भोग्नुपर्दैन होला, पुनर्जन्म पनि हुँदैन होला, तपाइंको विचार के छ ?

उत्तर— तपाईंको प्रश्न त खेलान्चो जस्तो लाग्छ, संसारमा कर्म नगरी बस्ने को होला ? काय, वाक्, मन— यी तीन प्रकारका कर्मद्वारमध्ये एक न एक कर्मद्वार चलि नै



Downloaded from http://www.dhamma.digital

रहन्छ। कर्मेन्द्रिय पाँच र ज्ञानेन्द्रिय पाँचमध्ये कुनै इन्द्रिय त चल्छ नै, इच्छा, क्रोध, भय र मोहद्वारा चलेको इन्द्रियले त कर्म गरेको ठहरिन्छ, इच्छाविनाको इन्द्रियले स्वभावधर्म चले तापनि इन्द्रियको स्वभावले क्रिया चलेकोमा पनि स्पर्शबाट पूर्वोक्त चार प्रकारको दोष उत्पन्न भई कर्म गर्न थाल्छ। माछाकै कुरालाई लिऊँ। पानीमा माछा शरीरको कुनै न कुनै भाग नचलाई रहनै सक्तैन। त्यसरी नै संसारमा प्राणीहरू पनि केही रूपादि पञ्च विषयको कल्पना नगरी रहँदैनन्। विनाकल्पना बस्नेहरू संसारमा, ब्रह्मलोकमा ब्रह्मा होलान् कि निर्जीव मूर्तिहरू मात्र होलान्। निर्विकल्प समाधिमा बस्न सक्ने ध्यानी पुरुष वा योगीहरू पनि यस्ता हुन सक्तछन्, त्यै पनि अभ्यासबलले भ्याउन्जेल मात्र वा समाधिबाट नउठुन्जेल मात्र। त्यसपछि कल्पनाको लट्ठी टेकेर उठ्छन्। तिनीहरू फेरि कर्मको क्रम थालिहाल्छन्। त्यस अवस्थालाई पनि पुनर्जन्म भने पनि हुन्छ।

जबसम्म अध्यात्मभित्र सूक्ष्म रूपले अधिकारभाव लुकी बस्छ तबसम्म दियासलाईमा आगोको हेतु लुकेझैं भ्रममा म भन्ने भाव लुकेको हुन्छ र हजारौं कल्पसम्म निर्विकल्प समाधिमा लीन भएर बसे तापनि समाधिको अन्तमा दियासलाई घोटिदा अग्नि उत्पन्न भएझैं प्राणी उत्पन्न हुन्छ। उत्पन्न हुनु नै जन्म हो, पूर्वहेतुले गर्दा नै जन्म भएको हो, पूर्व हेतुले उत्पन्न हुनु नै पुनर्जन्म हो।



Downloaded from http://www.dhamma.digital

त्यसरी नै आफूले गरेको कर्मानुसार कहिले माथि, कहिले तल, कहिले कहाँ, कहिले कहाँ, उम्लँदो भातमा चामलको गति जस्तो बेठेगान किसिमले संसारचक्रमा जन्मँदै मर्दै चक्रमा जकडिई बस्नुपर्ने हुन्छ। त्यस चक्रको समस्याबाट मुक्त हुने इच्छा हुन्छ र खोज गर्दा सांसारिक स्वार्थी गुरुहरूले तन्त्रको प्रभावले महान् शक्ति भएका कथाहरू सुनाई मूर्खहरूलाई सांसारिक सुखविलासमा निमग्न भएर पनि जीवनको अन्तमा स्वर्गसुख, निर्वाणसुख प्राप्त हुन सक्ने र गुरुको आशीर्वाद, दानको फल तथा देवताको वरदानले जन्म-मरणको चक्रबाट मुक्त हुन सकिने आशा देखाई पाठ, पूजा, भक्तिद्वारा निर्वाण-पद पाउन सकिन्छ भन्ने विश्वासको बन्धनले बाँधी त्याग, ब्रह्मचर्य, तप, ध्यान, ज्ञानविना मुक्त हुने उपदेश उपन्यास तथा कथा सुनाई पुनर्जन्मको चक्रमा घुम्नुपर्ने जालमा फँसाइ-राखे। त्यस्तो प्रकारको षड्यन्त्रको जालबाट मुक्त हुनु असम्भव छ। ज्ञान—प्रज्ञाविना मुक्त हुनु सम्भव छैन। मुक्तिको आशा देखाउने गुरुहरूले पनि बाटो अलमल्याई, भवचक्रमा नै लटपटाई आफ्नो स्वार्थको पूर्ति गरिरहेका छन्।

एकजना महात्मा घुमी-घुमी धर्मप्रचार गर्दै, भन्दै गर्छ—'सज्जनवृन्दहो! संसारको अवस्था कस्तो हुँदै गइरहेछ विचार गर्नुहोस्, अधर्मको वृद्धि हुँदै आएको छ, धर्मलोप हुँदै गइरहेछ। धार्मिकहरूले मान नपाउने, अधर्मीहरूले मान



Downloaded from http://www.dhamma.digital

पाउने, सत्यतालाई जानी–जानी त्याग्न, असत्यलाई नै अँगाल्न, सत्यको क्षय र असत्यको जय हुँदै आउँदै छ। अब संसारमा प्रलय हुन बेर छैन।'

गुरुको आशीर्वादमात्रले यस्तो भवचक्रबाट मुक्ति पाइने होइन, देवताहरूबाट पनि न वरदान नै पाइने हो, न मोक्ष नै पाइने हो, मुक्त हुन त कर्तव्य–पालन गर्नु आवश्यक छ।

शील, समाधि, प्रज्ञा — ज्ञानविना, आशीर्वाद वा वरदानले मात्र मोक्ष कदापि पाइँदैन।

शील तीन प्रकारका छन्—

(१) वारित शील।

(२) चारित शील।

(३) भावित शील।

वारित शील=प्राणिमात्रलाई दुःख नदिनु,

चारित शील=इन्द्रिय सम्मान गर्नु।

भावित शील=शीलको मर्म जान्नु।

दुई प्रकारका समाधि=लौकिक र लोकोत्तर। लौकिक लोकमा मान पाउनको निम्ति र लोकोत्तर निर्वाणको निम्ति।

प्रज्ञा तीन प्रकारका छन्—

वाह्य प्रज्ञा, अध्यात्मप्रज्ञा र परमार्थ–प्रज्ञा।

वाह्य प्रज्ञा— संसारमा कुनै पदार्थ पनि नित्य छैन, संसार दुःखै दुःखले भरिएको छ, सांसारिक पदार्थ कुनै पनि भनेजस्तो हुँदैन, यी कुराको यथार्थ बोध हुनुपर्छ।



Downloaded from http://www.dhamma.digital

अध्यात्मप्रज्ञा— शरीर कुन चीज हो ? शरीर नित्य हो कि अनित्य हो ? शरीर दुःख हो कि सुख ? शरीर आफूले भनेजस्तो हुन्छ कि हुँदैन ? यसबारे राम्रो बोध हुनुपर्छ ।

परमार्थ-प्रज्ञा महाप्रज्ञा हो । नाम रूप जड–चेतनहरू–संस्कार, रूप, संज्ञा, वेदना र विज्ञान हो ।

नामस्कन्ध चार प्रकारका छन्, ती हुन्— अरूप तत्त्व संस्कार, संज्ञा, वेदना र विज्ञान । रूपस्कन्ध चतुर्महाभूत— पृथ्वी, आप, तेज वायुले बनेको शरीरलाई बुझ्नू ।

संस्कार—पूर्वजन्मको कर्म कमाइ । संज्ञा—स्पर्श हुँदा चाल पाउने संज्ञा हो । चाल पाएकोले सुख दुःखको भान वा अनुभव हुनु वेदना हो । अनुभव हुँदा यो फलानो पदार्थ हो भन्ने ज्ञात हुन्छ, यही हो विज्ञान ।

यी पञ्चस्कन्धका तत्त्वलाई सन्धि–विश्लेषणको बोध हुनु इत्यादि महाप्रज्ञा ज्ञान हो । उक्त परमार्थ–ज्ञानविना, पुनर्जन्म–निरोध हुन सक्तैन, परमार्थ–ज्ञानको वास्ता नगरीकन सिर्फ पुनर्जन्म छैन भन्ने उच्छेदवादी सिद्धान्त लिई कराई हिंड्दैमा पुनर्जन्म नहुने होइन, विषयमा आसक्त हुन्जेल, तृष्णाका वैतरणी नदीमा फसिरहनुपर्ने हुन्छ, संसार–सागरको भुमरीमा पर्दा झैं उत्रन असम्भव हुन्छ ।

यस्तो संसार हुनाले, भगवान् बुद्धको जीवनकालमा जति भिक्षु भएका थिए ती सबैले जन्म–मरणको चक्रमा फस्नु



Downloaded from http://www.dhamma.digital

नपर्ने निर्वाणको कामनाले भिक्षु भई, परमार्थ-ज्ञान बुझी पुनर्जन्म हुनु नपर्ने निर्वाण प्राप्त हुने साधनामा अभ्यस्त हुने कोशिश गरे। आजकालका उच्छेदवादीहरूले न परमार्थ-ज्ञानको खोज नै गरे, न तृष्णानिरोध हुने साधना नै गरे। परमार्थ-ज्ञानहीन प्राणीले, गुणहरूको आशीर्वादले, देवताहरूको वरदानले, पुण्यफलको प्रार्थनाले निर्वाण पाइने होइन, परमार्थ-ज्ञान नै अत्यन्त आवश्यक छ।

शील–परिशुद्धिपूर्वक आफूलाई शुद्ध नगरी ज्ञानका कुराहरू बुझ्न सकिदैन। ज्ञानको कुरो बुझेपछि, असार संसारदेखि विरक्त होइन्छ र पञ्च काम विषयमा वैराग हुन्छ, वैरागले सांसारिक विषयमा लिप्त हुन दिदैन। तब मात्र परमार्थ-ज्ञान भेट्टाउने अवसर पाइन्छ। परमार्थ-ज्ञानद्वारा नै महाप्रज्ञा ज्ञान खुली तत्त्वविच्छेद गरी हेतुनिरोधक निर्वाण पाइने छ। अर्को बाटो त केवल भूलभुलैया मात्र हो, गुरुहरूको स्वार्थपूर्तिको व्यापार मात्र हो।

महाप्रज्ञा ज्ञानको खोज गर्ने महापुरुषले खोज गर्दा ती महापुरुषले महाप्रज्ञा ज्ञान कहीं पनि भेट्टाउन सकेनन्, देश–विदेशका कुनाकाप्चीमा खोज्दा पनि भेटेनन्, त्यो न धरती-मुनि आलु तरुल जस्तो फल्ने हो, न रूखमा फल जस्तो फल्ने हो, न पानीमुनि पाइने हो, न गुफामा पाइने हो, न आकाशमा घुमी हिड्ने चन्द्र–सूर्यमा पाइने हो, न अघोर जङ्गलमा खोज्दा पाइने हो, न बनाएर बस्ने हो, न त्यसै आकाशबाट झर्ने हो।



Downloaded from http://www.dhamma.digital

त्यो ज्ञान उत्पन्न हुने तत्त्व जसले जानेको हुन्छ त्यस्तैको भागमा छ भने मात्रै भट्टाउन सकिन्छ। ती तत्त्व यिनै हुन्—

(१) सत्सङ्गको सार विचार, २) संसारको असारताको बोध, ३) संसारबाट मुक्ति पाउने तीव्र इच्छा, असार जति त्याग गर्ने शक्ति हुनुपर्छ। यस्ता तत्त्वहरूद्वारा गरिएको उद्योगबाट मात्रै महाप्रज्ञा ज्ञान प्राप्त हुन्छ। महाप्रज्ञा ज्ञानद्वारा प्राप्त हुने जुन रस हो, त्यो रस न कसैसे दिएर पाउन सकिन्छ, न चोरेर पाइने हो, न माग्ने ठाउँ नै छ। ज्ञान, चर्या, विचारको सङ्गम स्मृति, ब्रह्मचर्य, सन्तोष, उपेक्षाको पालन तथा असार पदार्थ, दुःखको हेतु र ममताको त्याग — यी तत्त्वको विधानद्वारा मात्र महाप्रज्ञा ज्ञान प्राप्त हुन सक्वछ, पढाइद्वारा, श्रवणद्वारा जानेको भरले हुने होइन, कर्तव्य नै गर्नुपर्छ, त्यसै पुनर्जन्म मेटिने होइन।



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

एकदिन शिष्य शासनज्योति भिक्षुलाई साथमा लिई गुरु महाप्रज्ञा भिक्षु जङ्गलै जङ्गल घुम्दै फिर्दै जाँदा म्योहाउँ भन्ने भयङ्कर जङ्गलमा पुगे। त्यहाँ एकजना तपस्वी योगी भिक्षुको दर्शन प्राप्त भयो। उहाँको त्यस जङ्गलमा न ओढ्ने ओछ्याउने केही थियो, न पकाई खाने भाँडो केही थियो। बस्न एउटा काठको आसन थियो। साथमा यौटा गिलास थियो, अरू केही थिएन। थपक्क पलेटी मारेर बस्नुभएको थियो, यताउता कतै नहेरी स्थिरासन भई बस्नुभएको योगी भिक्षुले 'महाप्रज्ञा! शासनज्योति! आऊ दुवै जना यहाँ बस' भन्दा महाप्रज्ञा चकित भई 'शासनज्योति! भन्तेले त हामी दुवैको नाम पनि जान्नुभएको रेछ, चिनाजानी भएको पनि होइन, जाऊँ-जाऊँ–डाक्तै हुनुहुन्छ' भन्दै दुवैजना ती योगी भिक्षुको छेउमा वन्दना गर्न पुगे। योगीले भने— 'तिमीहरू नेपालबाट ज्ञान खोज्दै धेरै देश घुमिसक्यौ, तिमीहरूले उत्तम गुरु भेटेका छैनौ, अस्तु, यहाँ आइपुग्यौ, तिमीहरू भाग्यवान् हौ, यहाँ बस, कर्मस्थानको भावना गर, तिमीहरूको ब्रह्मचर्य सफल हुनेछ। तिमीहरूले अतीतमा बुद्ध भगवान्को दर्शन पाएका छौ, राम्रो काम–कर्तव्यको पालन गर्छौ भने यही जन्म तिमीहरूको



Downloaded from http://www.dhamma.digital

अन्तिम जन्म हुन सक्छ।' शासनज्योतिले महाप्रज्ञालाई भने— 'भन्ते! यो हामीलाई आपनो शिष्यत्वमा राख्न फुसलाउँदै छ, जाऔं भन्ते! यसको जालमा नफसौं।'

दुवैजना चुपचाप फर्के। घुम्दै फिर्दै पहिले बसेको विहार परियत्तिमहाविहारमा बस्न पुगे।

फेरि त्यही योगी भिक्षुको कुरो— क्रमशः ती योगी भिक्षुको अन्तिम अवस्था नजीक हुंदै आएछ। आपना उपासक–उपासिकाहरू जम्मा गरी अन्तिम उपदेश सुनाए— 'उपासकोपासिकाहो! अब मेरो जीवन धेरै छैन, थोरै दिन मात्र छ, तिमीहरूलाई दिइएको ज्ञानको प्रेमपूर्वक पालन गर्नू र जीवन कृतार्थ पार्नू। मैले यस जङ्गलमा बसेरै भिक्षुजीवन कृतार्थ बनाएं, तिमीहरू पनि आ-आपनो जीवन कृतार्थ बनाऊ।' योगी भिक्षुको यो कुरा सुनी, उपासकोपासिकाहरू-लाई विरह–वेदना भएछ र रुंदै भने— 'भन्ते! अब हाम्रो बाटो भत्कयो, हामीहरूको बाटो सुधार्ने कोही छैन, भन्ते हामीहरूलाई त्यागेर जानुहुन्छ, हामीहरूले अरू आधार कोही देखेनौं, कसको शरणमा परौं।'

'तिमीहरू बरबाद हुंदैनौ, सुर्ता मान्नुपर्दैन, चैत्वेम्यो मर्ने शहरमा परियत्ति नामको विहारमा दुईजना नेपाली भिक्षुहरू छन्, ती भिक्षुहरूलाई निमन्त्रणा गरी यो विहार अर्पण गर्नू, ती भिक्षुहरूले नै तिमीहरूको सुधार गर्नेछन्।'



Downloaded from http://www.dhamma.digital

'भन्ते ! अर्कनका भिक्षुहरूले यहाँ सुधार्न सक्लान् जस्तो लाग्दैन ।'

'उपासकहो ! तो भिक्षुहरू अर्कनवासी होइनन्, नेपालवासी हुन्, शाकाहारी, धुतङ्गधारी, त्यागी योगी शील-सुचरित्रमुक्त हुन् । तिमीहरूलाई सन्तुष्ट पार्न सक्नेछन् ।'

केही दिनपछि शरीर क्लान्त भएछ, वाक्य बन्द भयो । उपासकहरू भेला भई गुरुको टहल गर्दै थिए, भन्तेको आश्वास बन्द भयो । सदाको लागि बिदा हुनुभयो । उहाँ उपासक–उपासिकाहरूले विरह–वेदना थाम्न सकेनन् ।

छाती पिटी–पिटी रुन थाले, कसैले शवमञ्जूषा बनाए, कोही दाउरा थुपार्न लागे, त्यहीं विहारको आसपास नै चिता बनाई, सबैजना उपासकोपासिकाहरू भई, लाश उठाई, लाशसहित मलामीहरूले चितालाई तीन फन्को घुमी लाश चितामाथि राखी, उपासकोपासिकाहरू लाश अगाडि पारी पछाडि लहरै बसेर तस्वीर खिच्न लगाए । त्यसपछि अग्नि-संस्कारद्वारा लाश जलाई समाप्त पारे ।

भोलिपल्ट तस्बीरवालाले तस्बीर तयार गरेर ल्याई देखाउँदा चकित भए— लाश बक्साभित्र राखी चितामाथि राखिएको थियो, तर तस्बीरमा भने चितामाथि बाकस छैन, लाश मात्र देखिएको थियो । मलामीहरूको लहर त के एकजना पनि देखिएन, तस्बीर हेर्नेहरू छक्क परे । जीवित



Downloaded from http://www.dhamma.digital

छँदा पनि कहिल्यै नदेखेको नचिनेको मान्छेहरूको नाम जान्नुहुन्थ्यो, उनीहरूको मनको कुरा पनि भन्नुहुन्थ्यो, भविष्यमा हुने कुराहरू पनि बताउनुहुन्थ्यो। लाश भइसकेर पनि यस्तो ऋद्धि देखाउनुभएपछि त्यहाँका उपासकहरू चैत्वे शहर गई, परियत्तिविहारका श्रीगुरु महाप्रज्ञा भिक्षु र शासनज्योति भिक्षुलाई निमन्त्रण गरी लगेर, विहार सुम्पिदिए। बिस्तार–बिस्तार उपासकहरूले ती भिक्षुहरूको परीक्षा गर्न थाले।

विहार दायका पुलिस इन्स्पेक्टरले प्रश्न गरे—

'भन्ते ! हाम्रो यस देशमा बुद्धमार्गीहरू मांससेवन गर्नुहुन्छ, तपाईंहरू मात्र किन शाकाहारी हुनुहुन्छ।'

उत्तर— उपासक ! त्यो त आ-आफ्नो इच्छा; इच्छा हुनेले सेवन गर्छ, इच्छा नहुनेले सेवन गर्दैन। भिक्षापात्रमा दान पाएजति स्वीकार गर्नैपर्छ। तथापि रुचि नभएको आहार जति अलग छुट्याई खान्छौं।

'भन्ते ! उपासकहरूको श्रद्धाले दान दिएको मांस-सेवन गर्नु के पाप हो ?'

'उपासक ! श्रद्धाले दिएको दान सेवनयोग्य हो; योग्यको मतलब हो सङ्घले दोष लगाउँदैन। नदेखेको, नसुनेको, शङ्का नभएको मांससेवन गर्दा दोष लाग्दैन।'

'भन्ते ! त्यसो हो भने, भन्तेले पनि सेवन गर्नु उचित हो, किन निषेध गर्नुभयो ?'



Downloaded from http://www.dhamma.digital

'उपासक ! सङ्कले निर्दोष मान्दैमा हुँदैन। मन समाल्न सकिएन, कतै निमन्त्रणा आउँदा मनले पहिले नै मासको आशा गर्दछ, निमन्त्रणामा जाँदा मांस भएन भने मन खिन्न हुने भएछ, अरू खानेकुरामा रुचि लागेन र प्राणीमाथि दया रहेन भने त मांसत्याग गर्नैपर्छ। मांसाहारले क्रोध अत्यधिक बढ्दो रहेछ, ब्रह्मचर्यको रक्षा गर्न गाह्रो पर्दो रहेछ। यी दोष देखिनाले मांस असेवनीय हो भनी त्यागेको हुं। जो मनमा उठ्ने विकार हटाएर खान सक्दछ, ऊ मांससेवन गर्छ। कोही भने दोष हटाउन सके तापनि प्राणीमाथि दयाले गर्दा सेवन गर्न अयोग्य ठान्छन् र भोकै मर्नु बरु स्वीकार गर्छन्, सेवन गर्दैनन्।'

'साधु ! साधु ! साधु ! भन्ते ! हाम्रा स्वर्गीय आचार्यले पनि उपदेश गर्नुभएको थियो—

मांसाहारको त्याग भएछ भने भगवान् बुद्धको धर्ममा अत्यन्त श्रद्धा भएको ठहरिन्छ, जिब्रो सह्याल्नु, मन सह्याल्नु, सबै इन्द्रिय सह्याल्नु उत्तम हो भन्ने भगवान् बुद्धको उपदेश छ, मांसाहार १) प्राणीमाथि निदयता हो, २) जिब्रोको असंयम हो, ३) आफ्नो मनको अपवित्रता हो, ४) बुद्धशासनलाई अशोभनीय हो, ५) ज्ञाननाशक हो। तृष्णानिरोध-शासन-अनुसार मांसाहारले तृष्णावृद्धि मात्रै हुने हो, त्यसकारण बुद्धशासनमा श्रद्धा हुनेले मांसाहारलाई बिलकुलै अयोग्य ठान्दछ। अतः मांसाहार त्यागी बुद्ध भगवान्‌को धर्मको उन्नति



Downloaded from http://www.dhamma.digital

चाहनेलाई बारंबार धन्यवाद छ। प्राणीमाथि दया गर्नुमै बोधिज्ञानको महत्त्व छ। बुद्धपद पाउन मात्र प्राणीमाथि दया गर्ने हो बुद्धपद पाइसकेपछि प्राणीलाई दया गर्नुपर्दैन भन्नु धर्म होइन।'

'यस्तो ऋद्धिवान्, योगी, गुरु अवश्य संसारदेखि मुक्त हुनुभयो होला भन्ने हामीलाई विश्वास छ, भन्ते! तपाईं पनि योगी हुनुहुन्छ, हाम्रा आचार्य भन्ते मुक्त हुनुभयो कि भएन, तपाईंको विचारमा कस्तो लाग्छ?'

'उपासक! यहाँका स्वर्गीय भन्तेलाई मामूली ठान्ने मान्छे मूर्ख हो, उहाँ झैं जङ्गलमा बसी कर्मस्थानमा रत हुने भिक्षु धेरै छैन, कोहीकोही मात्र होलान्, मृत्यु भइसके-पछिको उहाँको लाशमा पनि ऋद्धि देखियो। तथापि उहाँ भन्ते मुक्त हुनुभएको छैन, किनभने उहाँको आश्रवक्षय भएको छैन। उहाँमा ऋद्धिद्वारा लोकमा पूजनीय हुने कामना थियो, अतः उहाँ मुक्त हुनुभएको छैन। अहिले पनि पक्षीको रूपमा वहीं विहारमा बस्नुभएको छ, सबै पक्षीहरूको दम्पती छ, वहाँ भन्ते पक्षी भएर पनि एकले बस्नुभएको छ, मुक्त हुनलाई अशेषत्यागी हुनुपर्छ, उहाँ अशेषत्यागी हुनुभएको छैन।

'त्यस्ता–त्यस्ता योगी व्यक्तिहरू त जन्मनु नपर्ने भई मुक्त हुन सकेनन् भने, पञ्चकामको रसमा डुबी बस्ने पृथग् जनहरूले पुनर्जन्म छैन भनी हिँड्दैमा–जन्मनु नपर्ने हुन्छ भन्ने



Downloaded from http://www.dhamma.digital

कुरा असम्भव हो । यस्ता उच्छेदवादीहरूले संसारबाट मुक्त हुने कुरा छाडेर, ज्ञान कर्म बढाउनमा तत्पर भई संसारबाट कहिल्यै छुटकारा नपाई कर्मानुसार फल भोग्दै जन्म-मरणको चक्रमा बाँधिई दुःखको बन्धनमा छटपटाइरहनुपर्ने हुन्छ । पुनर्जन्मबाट बच्न सरल छैन, मुक्त हुनुको निम्ति पूर्वोक्त ज्ञान, आचरणमा निपुण हुनु जरूरी छ, विनाज्ञान मुक्त हुनु असम्भव छ । भगवान् बुद्धले स्वयम् अनुभव गरी निर्णय गर्नुभएको मुक्त ज्ञान, सोची—विचारी साक्षात्कार गरी पुनर्जन्मको फन्दाबाट मुक्ति पाउने अरहन्तहरूको उक्तिप्रमाण बुझ्नु आवश्यक छ ।

'भगवान् बुद्धको सत्य वचन छ— मैले अनुभव गरेर उपदेश गरेको कुरामा विचार नगरी विश्वास गर्ने होइन, आफ्नै विचारद्वारा निर्णय गर्नुपर्छ, कसैको लहैलहैमा लाग्नु ठीक होइन । अघिदेखि चलेको भन्दैमा सत्य हुँदैन, बहुमतले मानी आएको भन्दैमा सत्य हुँदैन, ठुला-ठूला ऋषिमुनिद्वारा विश्वास गरिएको भन्दैमा पनि सत्य हुँदैन, आफ्नै विचारद्वारा निर्णय हुनुपर्छ । साधारण विचारले पनि हुने होइन, शील-परिशुद्ध निर्मलताको विचार मात्रै यथार्थ शुद्ध विचार ठहरिन्छ, हिंसक, चोर, व्यभिचारी, झुट्टावादी र मतवाला, यी पञ्च दुःशील त धार्मिक विचार गर्नेलाई कामै लाग्दैनन् । दश सुचरित्रशील, पूर्ण ब्रह्मचारी, अकुशलत्यागी हुनुपर्छ, देखावटी शुद्धताले हुँदैन, आफूलाई आफैंले शुद्धतामा ल्याउनु-



Downloaded from http://www.dhamma.digital

पर्दछ। आफूलाई आफैले शुद्ध देखी आनन्दको अनुभव भए मात्र शुद्ध ठहरिन्छ, यसप्रकार भएको ज्ञानको विचारले नै शुद्ध सारज्ञानको दर्शन पाइन्छ। अध्येता, श्रोता, वक्ता, लेखक हुँदैमा शुद्ध विचारवान् हुने होइन, हो–होइन विचार गर्नुपर्छ।

'धार्मिक महात्माहरू दुई प्रकारका छन्— सक्कली र नक्कली। संसारमा नक्कली धार्मिक महात्माहरू त सजिलैसित भेटिन्छन्, तर सक्कली धार्मिक महात्माहरू सयकडा एक मात्र होलान्, तिनलाई सर्वसाधारणले चिनेका हुँदैनन्। नक्कली महात्माहरू नक्कल, अभिनय र बनावटी शृङ्गारद्वारा साँच्चैको महात्माको बहाना गर्न जान्दछन् र सर्वसाधारणको मनमा विश्वास जमाउन पनि सक्छन्। नक्कली महात्माहरूको नक्कल, अभिनय, बनावटी शृङ्गार हुँदैन, केवल परिशुद्धशील हुन्छन्, शुद्ध ब्रह्मचारी, त्यागी, निर्लोभ, शान्त, सन्तोषी प्रपञ्चशून्य र मायारहित हुन्छन्, सर्वसाधारणले चिन्न सक्तैनन्। संसारमा सक्कली महात्माको दर्शन दुर्लभ छ, संसारदेखि बाहिर मात्रै दर्शन पाइन्छ। संसारभित्र सक्कली महात्माहरू बस्न सक्दैनन्, तसर्थ संसारमा महात्माहरूको दर्शन असम्भव छ। जति ठूला महात्माहरू संसारभित्र देखिन्छन् ती सबका सब सञ्चयकारी मात्र छन्। असञ्चयी महात्मालाई दरिद्र ठान्दछन्, अभिमान नहुने जतिलाई सबै हेला गर्छन्, त्यसकारण संसारमा षड्यन्त्र प्रपञ्च नजान्नेहरू संसारमा



Downloaded from http://www.dhamma.digital

ठूलो महात्मा मानिन सक्दैनन् र सबकलो महात्माहरूको दर्शन दुर्लभ हुन्छ।

महात्माहरू संसारको धर्मले स्पर्श हुन नसक्ने भई भ्रमण गर्छन, साधारण जनताले चिन्न सक्ने हुँदैनन्, कुनै समाजमा पनि प्रवेश गर्दैनन्। तिनीहरू वेश धारणा नगर्ने, मान नखोज्ने, दर्जा नचाहने हुन्छन्, केवल आहार र वस्त्र-मात्रको आधारमा स्वतन्त्र भई शान्तचित्त भई कसैको भर कसैको करमा पनि नबस्ने हुन्छन्। ठीक आकाशका तारा झैं — न कहीं झुन्डिएको, न कहीं गाँसिएको, न कहीं बसेको, विनाआधार अडेको तारा झैं स्वतन्त्र हुन्छन्, निन्दा, प्रशंसा, यश, अपयश, लाभ, अलाभ, सुख, दुःखदेखि अलग्ग भएका यस्ता महात्माहरूसित परिचित हुने असाधारण व्यक्ति कम नै हुन्छन्। त्यस्ता महात्माहरू संसारमा ध्यानसमाधिको प्रभावले दुःखीबाट सुखी, अज्ञानीबाट ज्ञानी, प्रपञ्चीबाट त्यागी, दुर्गतिबाट सुगति, दानवबाट मानव, नर्कबाट स्वर्ग, साकारबाट निराकार, नीचबाट उच्च आदि पदप्राप्तिको मनःकामना पूर्ण भइसकेपछि पनि संसारमा जन्मनु नपर्ने हुन सक्तैनन्। उच्छेदवादीहरूको त कुरै गर्नुपर्दैन। अजन्मा–अमर हुनु सरल कुरा होइन। मोक्षप्राप्तिको लागि एकमात्र आवश्यक तत्त्व महाप्रज्ञा—तत्त्वज्ञान हो।



Downloaded from http://www.dhamma.digital

# महाप्रज्ञा–तत्त्वज्ञान

सङ्क्षेपमा — आँखामा दृष्टि दिने प्रसादतत्त्व छ, देखिएको रूपमा वर्ण दृश्य हो, दृश्यरूप ज्ञात हुने चक्षु विज्ञान हो। ती तीनैमा विचार गर्दा ती नित्य पनि होइनन्, सुख दिने पनि होइनन्, आफुले भनेअनुसार हुने पनि होइन, तीमध्ये कुनै पनि आत्मा भन्न पनि सुहाउँदैन, केवल तत्त्व मात्र हो। ती तत्त्वहरू प्राणी पनि होइनन्, जीव पनि होइनन्, केवल निराकार शून्य मात्र हो।

त्यस्तै प्रकारले इन्द्रिय, विषय र विज्ञानबारे तत्त्वविचार गर्नू।

४ महाभूत, ४ नामस्कन्धमा पनि पूर्वोक्तानुसार तत्त्व-विश्लेषण गर्नु नै महाप्रज्ञा–तत्त्वज्ञान हो। तान्त्रिकहरूले ज्ञानलाई पनि मूर्ति बनाई, द्यौता भनी पूजाआजा गर्ने प्रथा चलाई, ज्ञानविचारको लोप गरी, निर्वाणको मार्ग मिटाई, पुनर्जन्म हुने प्रथालाई चिरञ्जीवी तुल्याइदिए।



Downloaded from http://www.dhamma.digital

तसर्थ मूर्तिपूजा नगरी महाप्रज्ञा–तत्त्वज्ञानको विचार गरी तदनुसार आचार गर्नु नै पुनर्जन्मबाट बच्ने उपाय हो। महाप्रज्ञा–तत्त्वज्ञानको बोधविना पुनर्जन्म नमान्ने प्रथालाई नै उच्छेदवादी भन्दछन्। उच्छेदवादी हुनाले झन् उल्टो संसारमा यस्तो प्रकारले अल्झन्छ कि, मेसो नै भेट्न नसक्ने भई जन्ममरणको अनन्त चक्रमा घुमिरहनुपर्ने हुन्छ। खरानीको थुप्रोमा खसेको एक गेडा तिल खोज्नुपर्दा जसरी भेट्टाउन गाह्रो हुन्छ, त्यसरी नै उच्छेदवादीहरूको सिद्धान्तमा लाग्दा हुन्छ। उच्छेदवादीहरू कर्मको फल नै छैन भनी मान्ने हुँदा गर्नु नगर्नु सबै गर्दछन्, असीम भवचक्र आफैले निर्माण गरी भुमरीमा चक्कर खाई बस्छन्। मुखले पुनर्जन्म छैन, कर्मफल पनि छैन भनी हल्ला गर्दैमा पुनर्जन्म र कर्मफल नहुने होइन। कर्मफल र पुनर्जन्मबाट मुक्त हुन पूर्वोक्त महाप्रज्ञा–तत्त्वज्ञान बाहेक अरू कुनै उपाय सम्भव छैन।

महाप्रज्ञा–तत्त्वज्ञान नामको सार ज्ञान कस्तो हो यो सानो पुस्तिकामा हेरी विचार गर्नुपर्छ। यो ज्ञान दुर्लभ हो कि होइन र सत्य हो कि होइन विचार गर्नू।

आजभोलि, संसारमा मुक्तिको बाटो देखाउने गुरु-आचार्यहरू धेरै छन् प्रत्येक गुरु–आचार्यले मुक्त हुने उपदेश सुनाउंछ, आशीर्वादमात्रले र भक्तिमात्रले मुक्त हुने विश्वास दिलाउंछ, तर मुक्ति दिने तत्त्वज्ञान बताउने गुरु दुर्लभ छ।



Downloaded from http://www.dhamma.digital

मुक्ति वा निर्वाणपद पाउनु विश्वासको भरमा असम्भव छ। संसारबाट मुक्ति पाउन आफ्नै विचारले निर्णय गर्नुपर्छ। पूर्ण वैरागले मात्र मुक्ति पाइन्छ, धर्मको बहानामात्रले मुक्ति पाइन होइन। महाप्रज्ञा–तत्त्वज्ञानको बोध र स्वार्थत्यागविना मुक्तिको बाटो भेटिदैन।

जन्म-मरणको चक्रबाट मुक्त हुनु वा पुनर्जन्मबाट मुक्ति पाउने अवस्था प्राप्त गर्नु सजिलो कुरा होइन।

पण्डितहरू मुक्ति – निर्वाण अत्यन्त सजिलोसँग प्राप्त हुन सक्ने आशा देखाउँछन्, देवताको फूलप्रसाद झैं सजिलैसित पाइने बताउँछन्। संसारमा मुक्तिको कामनाले अत्यन्त दुःख कष्ट भोगी तपस्या गरिरहेका महात्माहरू पनि अहंभाव र ममताको त्यागविना जीवन्मुक्त हुन सकेका छैनन्, आजभोलि त आचार्यहरू सजिलैसँग मुक्तिपद प्राप्त हुने उपदेश दिई यसै जन्ममा नै दुःखबाट मुक्त हुने आशीर्वाद दिन्छन्। ती आशा र आशीर्वादमा विश्वास गर्ने अन्धाहरूलाई गुरुहरू पनि सुहाउँदै परेका छन्।



Downloaded from http://www.dhamma.digital